आर्थिक वर्ष : २०८०/८१
बैठक संख्या :११

आज मिति २०८०/११/१२ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री वालकृष्ण पौडेल कम्प्युटर अपरेटर
श्री लोकनाथ पौडेल कार्यालय सहयोगी

CS CamScanner

(मिति २०८०/११/१२)

<u>प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्ताव नं.</u> १ नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि स्थानीय आर्थिक विकास प्रर्वद्धन समिति गठन सम्बन्धमा।

<u>निर्णय नं.</u> १

विरुवा गाउँपालिका अन्तर्गत आ.व. २०८०/८१ मा कार्यानवयन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ५२ बमोजिम तपसिल सदस्य रहने गरी स्थानीय आर्थिक विकास प्रर्वद्धन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

संयोजक — श्री सूर्य बहादुर कुँवर, अध्यक्ष, विरुवा गाउँपालिका
सदस्य — श्री भगवती शर्मा, उपाध्यक्ष, विरुवा गाउँपालिका
सदस्य — श्री कृष्ण बहादुर क्षेत्री, आर्थिक विकास समिति संयोजक (दफा ५२(१ ग))
सदस्य — श्री हिमालजंग के.सी. (दफा ५२(१ ङ))
सदस्य — श्री जगत बहादुर खत्री (दफा ५२(१ ङ))
सदस्य — श्री बिन्दु शर्मा लम्साल (दफा ५२(१ च))
सदस्य — प्रतिनिधि मुक्तिनाथ बैंक विरुवा शाखा (दफा ५२(१ छ))
सदस्य — श्री देव कुमार राना (दफा ५२(१ ज))
सदस्य सचिव — श्री भेषराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत

<u>प्रस्ताव नं.</u> २ नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि प्राविधिक समिति गठन सम्बन्धमा।

<u>निर्णय नं.</u> २

विरुवा गाउँपालिका अन्तर्गत आ.व. २०८०/८१ मा कार्यानवयन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ५३ बमोजिम तपसिल सदस्य रहने गरी प्राविधिक समिति गठन गर्ने निर्णय गरियो ।

CamScanner

तपसिल :

संयोजक – श्री भेषराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत, बिरुवा गाउँपालिका
सदस्य – श्री धन बहादुर सुनार (दफा ५३(१ ख))
सदस्य – श्री प्रेम बहादुर बि.क. (दफा ५३(१ ग))
सदस्य – कृषि शाखा प्रमुख (दफा ५३(१ घ))
सदस्य – पशुपंक्षी शाखा प्रमुख (दफा ५३(१ घ))
सदस्य – आर्थिक प्रशासन शाखा प्रमुख (दफा ५३(१ ङ))
सदस्य – प्राविधिक शाखा प्रमुख (दफा ५३(१ च))
सदस्य सचिव – श्री पिताम्बर पोखेल (दफा ५३(१ छ))

प्रस्ताव नं ३ नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रमको खर्च शिर्षक बाँडफाँड सम्बन्धमा।

निर्णय नं. ३

विरुवा गाउँपालिका अन्तर्गत आ.व. २०८०/८१ मा कार्यानवयन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४१ अनुसार तपसिल बमोजिम कार्यक्रमको खर्च शिर्षक बाँडफाँड गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | खर्च शिर्षक | विनियोजित बजेट (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १ | स्थानीय आर्थिक विकास सूर्वाधार निर्माण | ३४,५०,०००/- (४०) | |
| २ | आर्थिक सचेतना कक्षा संचालन | ४,३१,२५०/- (५) | |
| ३ | आर्थिक सशक्तिकरण तथा व्यवसाय विकास | २५,८७,५००/-(३०) | |
| ४ | सीप विकास तालिम | ८,६२,५००/-(१०) | |
| ५ | उद्यमशीलता विकास तथा औधोगिक प्रर्वद्धन | १०,३५,०००/-(१२) | |
| ६ | विशिष्टिकृत वस्तु उत्पादन/बजारीकरण | ०(०) | |
| ७ | व्यावस्थापन खर्च ( प्रशासनिक, अनुगमन तथा मुल्याङ्कन) | २,५८,७५०/-(३) | |
| | जम्मा | ८६,२५,०००/-(१००) | |

CamScanner

प्रस्ताव नं ४ नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम तथा परियोजना छनौट सम्बन्धमा।

निर्णय नं. ४

विरुवा गाउँपालिका अन्तर्गत आ.व. २०८०/८१ मा कार्यानवयन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि, २०८० अनुसार तपसिल बमोजिम कार्यक्रम तथा परियोजना छनौट गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | क्षेत्र | कार्यक्रम तथा परियोजना | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण | १. हाट बजार स्थापना र निर्माण सम्बन्धि कार्यक्रम<br>२. सामुदायिक गोदामघर, संकलन केन्द्र | वडा नं. १,४,६ र ८ | |
| २ | आर्थिक सचेतना कक्षा संचालन | - | सबै वडा | |
| ३ | आर्थिक सशक्तिकरण तथा व्यवसाय विकास | १. तरकारी उत्पादन<br>२. विउविजन उत्पादन<br>३. मासुजन्य पशुपंक्षि पालन<br>४. फलफुल उत्पादन | सबै वडा | |
| ४ | सीप विकास तालिम | १. पलम्बिङ<br>२. हाउस वाईरिङ<br>३. फर्निचर निर्माण<br>४. घडि, रेडियो तथा मोबाईल मर्मत<br>५. भवन रंगरोगन | सबै वडा | |
| ५ | उद्यमशीलता विकास तथा औधोगिक प्रर्वद्धन | १. तरकारी उत्पादन र प्रवर्द्धन<br>२. विउविजन उत्पादन र प्रशोधन<br>३. मासु एवम् अण्डाको उत्पादन<br>४. व्यावसायिक फलफुल खेती तथा उत्पादित फलफुलको प्रशोधन | सबै वडा | |
| ६ | विशिष्टिकृत वस्तु उत्पादन/बजारीकरण | - | - | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | व्यावस्थापन खर्च ( प्रशासनिक, अनुगमन तथा मुल्याङ्कन) | | सबै वडा | |
| | जम्मा | | | |

<u>प्रस्ताव नं</u> ५ साझेदारी रकम सम्बन्धमा।

<u>निर्णय नं.</u> ५

विरुवा गाउँपालिका अन्तर्गत आ.व. २०८०/८१ मा कार्यान्वयन हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालनका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि ,२०८० अनुरुप स्थानीय तहले साझेदारी गर्नुपर्ने १५ प्रतिशत (११,२५,०००/-) रकम विरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश समपुरक कोष खर्च शिर्षकबाट साझेदारी गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं</u> ६ प्रर्दशनी मेला आयोजना तथा पुरस्कार सम्बन्धमा।(उत्कृष्ट प्रर्दशक छनौट समिति सहित)

<u>निर्णय नं.</u> ६

विरुवा गाउँपालिका क्षेत्रभित्रका स्थानीय उत्पादन, कला, संस्कृति, साहित्य, सीप, पर्यटन, सेवा र उद्यमशीलता प्रवर्द्धनका लागि २०८०/११/२४ गते कृषि उपज संकलन केन्द्र विरुवा १ मा प्रर्दशनी मेला आयोजना गर्ने निर्णय गरियो।साथै उक्त प्रर्दशनी मेलामा उत्कृष्ट हुन सफल हुने प्रर्दशक तथा व्यवसायीलाई प्रति विधा रु ५,०००/- का दरले पुरस्कृत गर्ने र उत्कृष्ट प्रर्दशक तथा व्यवसायी छनोटका लागि तपसिल सदस्य रहने गरी एक छनौट समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :
संयोजक - पिताम्बर पोखेल (प्रशासन शाखा प्रमुख)
सदस्य — जीवलाल भुषाल (शिक्षा शाखा प्रमुख)
सदस्य — सरस मरासिनी (कृषि शाखा प्रमुख)
सदस्य — डा. प्रवेश गौतम (पशुपंक्षी शाखा प्रमुख)
सदस्य सचिब — दिपक ढुङ्गाना (प्रशासन सहायक)

CamScanner

**प्रस्ताव नं** ७ स्थानीय विदा सम्बन्धमा।

**निर्णय नं.** ७

४२ औ राष्ट्रिय मगर एकता दिबसको अवसरमा मिति २०८०/११/१५ गतेका दिन विरुवा गाउँपालिका अन्तर्गत सरकारी कार्यालय, सार्बजनिक संघसंस्था, शिक्षण संस्था, तथा क्षेत्रभित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुमा स्थानीय सार्बजनिक विदा प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं** ८ डि.पि.आर. तथा IEE सम्बन्धमा।

**निर्णय नं.** ८

विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश विभिन्न परियोजना डि.पि.आर शिर्षकको रकमबाट तपसिल योजनाहरुको डि.पि.आर तथा IEE गर्ने निर्णय गरियो।

डि.पि.आर.

- धोवादी खाली सडक, ३
- लाटापिपल धरादी लेवा, विरुवा ६।

IEE

- पुष्पमदन खेलदमैदान

**प्रस्ताव नं** ९ विविध

**निर्णय नं.** ९

क. विरुवा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट तपसिल योजनाहरु कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | योजनाको नाम/विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १. | साउनेपानी टेवा पर्खाल निर्माण विरुवा-४ र माथिल्लो बलेउ भलपानी नियन्त्रण विरुवा ७ | २,५०,०००/- | |
| २. | कमेरेगौडा पहिरो नियन्त्रण विरुवा ५ | २,००,०००/- | |
| ३. | गोपाले पँधेरो संरक्षण विरुवा ५ | ५०,०००/- | |
| ४. | नियावारी पहिरो संरक्षण विरुवा ५ | २५,०००/- | |

CamScanner

| | | | |
|---|---|---|---|
| ५. | दलितबस्ती भल नियन्त्रण बिरुवा ४ | २५,०००/- | |
| ६. | ३ नं. वडाको अस्थायी वडा कार्यालय भवन भर्याङ र ट्रस्ट निर्माण | ५०,०००/- | |

ख. बिरुवा गाउँपालिका वडा नं. ३ खालीस्थित पहिरोको कारणले जोखिममा परेका घरहरुको संरक्षणका लागि बिपद व्यवस्थापन कोषबाट रु १,५०,०००/- विनियोजन गरी पहिरो नियन्त्रणको काम अगाडी बढाउने निर्णय गरियो।

ग. वालिङ महोत्सव २०८० लाई विरुवा गाउँपालिकाको तर्फबाट रु ३०,०००/- आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

घ. विरुवा गाउँकार्यपालिका सदस्य श्री रमाया गुरुङको जेष्ठ सुपुत्र चोक बहादुर गुरुङको २३ वर्षको उमेरमा मिति २०८०/१०/२५ गते र विरुवा गाउँपालिका वडा नं. १ का वडाअध्यक्ष श्री राजेन्द्र कुमार के.सी. का पिता उमेद बहादुर के.सी. को ८६ वर्षको उमेरमा मिति २०८०/११/०३ गते दुखःद निधन भएकोमा विरुवा गाउँकार्यपालिका बैठकबाट मृतकहरुको आत्माको चीर शान्तीको कामना गर्दै हार्दिक श्रद्धान्जली व्यक्त गरियो। साथै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरियो।

CamScanner